

पूर्वस्वास्थ्यमन्त्रीसमेत रहनुभएका देवकोटालाई कार्यवाहक प्रधानमन्त्री ईश्वर पोखरेलले राष्ट्रिय झण्डा ओढाएपछि सशस्त्र प्रहरीको एक टुकडीले सलामी अर्पण गरेको थियो।

# कांग्रेस जिल्ला सभापतिको हेटौंडा भेला शुरू

## 'लोकतन्त्रवादी कम्युनिस्ट र साकाहारी बाघ उस्तै'




रोशन पराजुली, हेटौंडा

नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले हाल मुलुक थप संकटमा परेको भन्दै कम्युनिस्टको हातमा लोकतन्त्र कदापी सुरक्षित हुन नसक्ने दाबी गर्नुभएको छ। उहाँले कम्युनिस्ट लोकतन्त्रवादी हुन सक्दछन् भन्ने भ्रम बाघ साकाहारी हुन्छ भन्नेजस्तै भएको टिप्पणी गर्दै वर्तमान सरकार सर्वसत्तावादी चरित्रतर्फ उन्मुख भएकाले गणतन्त्र, लोकतन्त्र र संघीयता जोखिममा परेको दाबी गर्नुभएको छ।

हेटौंडामा मंगलबार शुरू पार्टी जिल्ला सभापतिको चौथो राष्ट्रिय भेला उद्घाटन गर्दै उहाँले सरकारको व्यवहार भाषणमा संघीयता र काममा कम्युनिस्टको जनवादी केन्द्रीयतातर्फ उन्मुख रहेको बताउनुभयो।

'केपी ओलीको राष्ट्रवाद लम्पसारवादमा परिवर्तन भएको छ। यस अवस्थामा संविधानको संरक्षण गर्ने, देशलाई कम्युनिस्टको अधिनायकवादबाट जोगाउने जिम्मेवारी पनि हाम्रो काँधमा आएको छ', उहाँले भन्नुभयो- 'संविधान संरक्षण गरी देशलाई शान्ति र प्रगतिको बाटोमा लैजाने हाम्रो लक्ष्य हो।'

कांग्रेसले सबै ठाउँमा जिम्मेवार तथा प्रभावकारी प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ। एकताबद्ध, संगठित र व्यवस्थित कांग्रेसले नै यी जिम्मेवारी बहन गर्न सक्दछ।

उहाँले गत निर्वाचनमा कांग्रेसको पराजय र कम्युनिस्ट पार्टीको एकीकरणले चुनौती थपिए पनि आफू विचलित नभएको बताउनुभयो।

उहाँले आफ्ना लागि राष्ट्र, लोकतन्त्र र कांग्रेसभन्दा प्रिय वस्तु अरू केही नभएको भन्दै बाल्यकालदेखि हालसम्म आफ्नो जीवन यसैमा समर्पित र बाँकी जीवन पनि यसै उद्देश्यका लागि समर्पित रहने प्रण गर्नुभयो।

वरिष्ठ नेता रामचन्द्र पौडेलले सभापति देउवाले बारम्बार मिल्नुपर्छ र एकजुट हुनुपर्छ भन्ने गरे पनि व्यवहार त्यस्तो नभएको भन्दै देउवाको आलोचना गर्नुभयो। वरिष्ठ नेता पौडेलले पार्टीको राम्रो व्यवस्थापन हुन नसक्दा पराजय भोगेको भन्दै पार्टीलाई पारदर्शी ढंगले चलाउनुपर्ने बताउनुभयो। 'पार्टीलाई अब स्वच्छ राख्नुपर्छ, आन्तरिक लोकतन्त्र सुदृढ गर्नुपर्छ' -नेता पौडेलले भन्नुभयो।

उपसभापति विमलेन्द्र निधिले अब पार्टीभित्र सबै एक भएर पार्टीभित्र पुनर्संरचनामा लाग्नुपर्ने बताउनुभयो। उहाँले अहिलेको चुनावमा हारे पनि अब जित्न मेहनत गरेर लाग्नुपर्ने बताउनुभयो। सरकारले राजनीतिक सिन्डिकेट लादेको उहाँको आरोप छ। नेकपाले आफ्नो हुकुमी शैलीमा काम गरेको उहाँको आरोप छ।

महामन्त्री शशांक कोइरालाले पार्टीभित्रको गुट उपगुटका कारण चुनाव हार्नुपरेको बताउनुभयो। नेपाली कांग्रेसको सिद्धान्त र इतिहास राम्रो भए पनि जनताबीच लैजान नसक्नु कांग्रेस पराजयको एउटा कारक भएको उहाँले औंल्याउनुभयो।

### बन्दसत्र आजदेखि

भेलाको दोस्रो दिन बुधबारदेखि जिल्ला सभापतिहरूको धारणासहित बन्दसत्र शुरू हुनेछ। जिल्ला सभापतिले आ-आफ्नो जिल्लाको संगठन तथा राजनीतिक अवस्थाबारे धारणा राखेर सकिएपछि ७ वटै प्रदेशको समूहगत छलफल हुने बताइएको छ।

जिल्ला सभापतिले संगठन, विधान तथा समसामयिक विषयमा आफ्ना धारणा राख्ने क्रममा पछिल्लो समय निर्वाचनमा भोगिएको पराजयको सन्दर्भमा समेत समिक्षा हुनेछ। पार्टीले पराजय व्यहोरेको, नवीन ढंगबाट कसरी अगाडि बढ्ने भन्ने विषयमा केन्द्रीय समितिले भेलाबाट आफ्नो आधिकारिक धारणा तयार गर्नेछ।

सभापतिहरूको भेला कांग्रेसको विधानअनुसार कार्यकारी पद होइन। यहाँ उठेका विभिन्न प्रश्न तथा भेलाबाट आएको सुझाव ग्रहण गर्दै अब चाल्नुपर्ने कदमका विषयमा आवश्यक सुझाव संकलन हुनेछ। सोहीअनुसार पार्टी केन्द्रीय समितिले आगामी रणनीति तयार पार्नेछ।

# मुलुकको आर्थिक विकासमा ओलीको जोड




नेपाल समाचारपत्र

काठमाडौं

छिमेकी मुलुक चीनको औपचारिक भ्रमणका सिलसिलामा मंगलबार साँझ बेइजिङ पुग्नुभएका प्रधानमन्त्री केपी शर्मा ओलीसहित नेपाली टोलीको सम्मानमा नेपाली दूतावासले सम्मान कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकको आर्थिक विकासका लागि रेलमार्ग र पूर्वाधार विकास अपरिहार्य रहेकोमा जोड दिनुभयो। नेपाल जस्तो भूपरिवेष्ठित मुलुकका लागि रेल र सडक सञ्जाल अपरिहार्य रहेको उहाँले बताउनुभयो। 'कनेक्टिभिटी आर्थिक विकासको मेरुदण्ड हो, पूर्वाधार विकास, हिमालयपार रेलमार्ग र सडक सञ्जाल निकै महत्त्वपूर्ण हो' -उहाँले भन्नुभयो।

यातायात र अन्तर्देशीय विद्युत प्रशारण लाइनले मुलुकको व्यापारलाई अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तार गर्न सहयोग पुऱ्याउने भएकाले सडक र पूर्वाधारले नेपाल विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनसँग जोडिने प्रधानमन्त्री ओलीले बताउनुभयो। चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) मा नेपाल आबद्ध भइसकेको उल्लेख गर्दै उहाँले सो परियोजनामार्फत हिमालयपार कनेक्टिभिटी बलियो बन्ने दाबी गर्नुभयो। आफ्नो यो भ्रमणका क्रममा यसअघि चीनसँग गरिएका सन्धि सम्झौताको कार्यान्वयनको वातावरण बन्ने र केही नयाँ सम्झौता हुने ओलीले बताउनुभयो।

चिनियाँ समकक्षी ली ख छ्याँको औपचारिक निमन्त्रणमा बेइजिङ पुग्नुभएका ओलीलाई चिनियाँ विदेश मन्त्रालयका सहायकमन्त्री झ्याङ हान हुईले बेइजिङ अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभएको थियो। उहाँले आज बुधबार चिनियाँ व्यवसायीसँग अन्तर्क्रिया गर्दै हुनुहुन्छ भने ओलीकै उपस्थितिमा उर्जा र कृषिसम्बन्धी निजी क्षेत्रका परियोजनामा हस्ताक्षर हुने परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ। उहाँले आज चिनियाँ राष्ट्रपति सी जिन पिङसँग पनि शिष्टाचार भेटवार्ता गर्नुहुने भएको छ।

# डा. देवकोटाको अन्त्येष्टि

प्रशान्त वली, काठमाडौं

वरिष्ठ नसारोग विशेषज्ञ डा. उपेन्द्र देवकोटाको मंगलबार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ। दिवंगत देवकोटाको राजकीय सम्मानका साथ विद्युतीय माध्यमबाट शवदाह गरिएको हो। डा. देवकोटाको पार्थिव शरीरमा पत्नी डा. मधु देवकोटा, छोरीहरू मेधा, वसुधा र मञ्जरीले दागबत्ती दिनुभएको थियो।

काजकिरिया ७ दिनमा सकिने परिवारले जनाएको छ। दिउँसो १ बजेसम्म अस्पताल परिसरमा श्रद्धाञ्जलीका लागि राखिएको देवकोटाको त्यसपछि शवयात्रा शुरू गरिएको थियो। पूर्वस्वास्थ्यमन्त्रीसमेत रहनुभएका देवकोटालाई कार्यवाहक प्रधानमन्त्री ईश्वर पोखरेलले राष्ट्रिय झण्डा ओढाएपछि सशस्त्र प्रहरीको एक टुकडीले सलामी अर्पण गरेको थियो।

देवकोटाको पार्थिव शरीरलाई मंगलबार बिहान ८ बजेदेखि बाँसबारीस्थित न्युरो अस्पताल प्रांगणमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिएको थियो। डा. देवकोटाप्रति श्रद्धान्जली दिन शुभचिन्तक तथा समर्थक सयौंको घुइँचो लागेको थियो।

उहाँलाई श्रद्धाञ्जली दिन उपराष्ट्रपति नन्दबहादुर पुन, सभामुख कृष्णबहादुर महरा, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, नेपाल कम्युनिस्ट पार्टीका नेताहरू वामदेव गौतम, सुवासचन्द्र नेम्वाङ, पम्फा भुषाल, प्रदेश ३ कि प्रदेशप्रमुख अनुराधा कोइरालालगायत विभिन्न राजनीतिक दलका नेता, चिकित्सक, विभिन्न पेशाकर्मी र सर्वसाधारण अस्पताल परिसर पुग्नुभएको थियो। सो अवसरमा सहभागीले शोकलाई शक्तिमा बदल्न परिवारलाई आश्वस्त पारेका थिए।

पित्तनलीको क्यान्सरबाट ग्रसित ६४ वर्षको उमेरमा डा. देवकोटाको बाँसबारीस्थित आफ्नै अस्पतालमा उपचारका क्रममा सोमबार साँझ ५ बजेर ३५ मिनेटमा निधन भएको थियो। २०१० पुस ४ गते जन्मेका डा. देवकोटालाई पित्तवाहिनी नलीको क्यान्सर मेडिकल भाषामा बाइल डक्ट क्यान्सर (कोलान्जिओकार्सिनोमा) भएको थियो।

उपचारका लागि गत मंसिर पहिलो साता बेलायत पुगेका उहाँ त्यहाँ पनि उपचार हुन नसकेपछि नेपाल फर्किनुभएको थियो। बेलायतको किङ्स कलेज हस्पिटलमा उपचार सम्भव नभएपछि बाँकी जीवन नेपालमै बिताउने डा. देवकोटाको इच्छाअनुसार नै नेपाल ल्याइएको थियो। वैशाख १५ गते नेपाल ल्याइएका डा. देवकोटाको न्युरो अस्पतालको भीआइपी वार्डमा राखेर उपचार भइरहेको थियो। उहाँको अवस्था थप जटिल बन्दै गएपछि आयुर्वेदिक उपचार पनि गराइएको थियो।

### नफेरिने...

उहाँले भन्नुभयो- 'विज्ञान र गणित विषयलाई अनिवार्य बनाइने कि नबनाइने, जीवन उपयोगी विषयलाई कसरी परिभाषित गर्ने, एकल पथीय हो वा बहुपथीय भन्ने विषयमा स्पष्ट नभएको लगायतका कारण नयाँ पाठ्यक्रम लागू गर्न समस्या भएको हो।'

मन्त्री आफैंले यो वर्षदेखि पाठ्यक्रम लागू गरेरै छाड्ने प्रतिबद्धता जनाउनुभएको थियो। सर्वत्र दबाबपछि मन्त्री पोखरेलले अहिले केही विद्यालयमा परीक्षणका रूपमा लागू गर्ने र आगामी शैक्षिक सत्रदेखि सबै विषयमा लागू गर्ने बताउनुभएको छ।

गत जेठ १८ गते पोखरेलकै अध्यक्षतामा बसेको राष्ट्रिय पाठ्यक्रम तथा मूल्यांकन परिषद्को बैठकले विद्यालय तहको शिक्षाको पाठ्क्रमको प्रारूप पारित गरेसँगै विभिन्न विषयगत समिति बनाएर पाठ्यक्रम निर्माणको काम शुरू भएको थियो।

शुरूदेखि नै आएको सोही दबाबका कारण परिषद्बाट पास गर्नुअघि पाठ्यक्रम विकास केन्द्रको वेभसाईटमार्फत् मस्यौदा सार्वजनिक गरेको थियो। केन्द्रले केही विषयमा पुन: छलफल गर्नुपर्ने भन्दै अन्तिम स्वरूप दिन सकेको थिएन। सोमबार भएको बैठकमा मन्त्रीले अर्को वर्षदेखि लागू गर्ने जनाएपछि पाठ्यक्रमको विषयमा पुन: छलफल हुने भएको छ।

नयाँ व्यवस्थाअनुसार कक्षा ११ र १२ मा नेपाली, अंग्रेजी, सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा गरी ४ विषय अनिवार्य रहनेछन्। गणित र विज्ञान विषयलाई अनिवार्यबाट हटाई ऐच्छिक मात्र बनाउने निर्णय गरिएको थियो। नयाँ व्यवस्थाले कक्षा ११ र १२ लाई एकल पथीय बनाउने निर्णय भएको थियो।

कक्षा ९ र १० मा ५ अनिवार्य र २ वटा पेसा व्यावसायिक ऐच्छिक विषय समावेश गरिएको थियो। शिक्षा मन्त्रालयले २०६३ मा लागू गरेको सो प्रारूप यसअघि २०७१ मा परिवर्तन भएको थियो। शिशु कक्षादेखि कक्षा १२ सम्म विद्यालय तह उल्लेख गरिएको छ।

### मौसुमी...

मौसमी सूचना अद्यावधिक गर्न अहिले मौसम विभाग मातहत मुलुकका विभिन्न भेगमा ४ सयभन्दा बढी सतही स्टेसन सञ्चालनमा छन्। रेडियो सोन्डमार्फत नियमित सूचना अद्यावधिक हुन थालेपछि मौसमी सूचना थप विश्वसनीय हुने र यस विषयको अध्ययन अनुसन्धानको दायरा अझ फराकिलो बन्ने कँडेल बताउनुहुन्छ। 'सतही स्टेसनले उपलब्ध गराउन नसक्ने सूचना रेडियो सोन्डले उपलब्ध गराउने भएकाले मौसम भविष्यवाणी अझ विश्वसनीय हुनेमा कुनै शंका रहँदैन' -उहाँले भन्नुभयो।

वेलुनमार्फत मौसमी सूचना संकलन गर्ने अभ्यास मुलुकका लागि नौलो भए पनि पहिलो भने होइन। सन् १९७८ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट केही महिना परीक्षण अभ्यास भएको त्रिवि जल तथा मौसम विज्ञान विभागका प्रमुख डा. दीपक अर्याल स्मरण गर्नुहुन्छ। उहाँका अनुसार मुलुकको वायुमण्डीय मौसमी सूचनाका लागि नेपालले भारतको लखनउ, गोरखपुर, पटना, सिलगुढीसहित तिब्बतको ल्हासा र पश्चिम तिब्बतको होटानबाट सहयोग लिने गरेको छ। आगामी १ वर्षभित्रै विराटनगर र नेपालगञ्ज आसपासमा पनि रेडियो सोन्डको अभ्यासका लागि गृहकार्य अघि बढाइएको मौसम विभागले जनाएको छ।

# विस्तृत कार्ययोजना ल्याउन निर्देशन

नेपाल समाचारपत्र

काठमाडौं

सर्वोच्च अदालतले ६ महिनाभित्र बागमती नदी सभ्यतालाई समेट्ने गरी विस्तृत कार्ययोजना पेश गर्न सरकारका नाममा आदेश दिएको छ। न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र सपना मल्ल प्रधानको संयुक्त इजलासले मंगलबार बागमती सभ्यतालाई समेट्ने गरी तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना ६ महिनाभित्र पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई आदेश दिएको हो।

उपभोक्ता हित संरक्षण मञ्च प्रो पब्लिकको तर्फबाट वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र काठमाडौं महानगरपालिकालाई विपक्षी बनाई मुद्धा दायर गर्नुभएको थियो। दायर गरेको रिटमा सुनुवाइ गर्दै गत जेठ १५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले पेश गरेको प्रतिवेदन अपूरो रहेकाले बागमती नदीको समग्र योजना ६ महिनाभित्र पेश गर्न परमादेश दिएको सर्वोच्च अदालतका सञ्चार विज्ञ किशोर पौडेलले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
२०१८ जेष्ठ ११ गते

स्वर्गारोहण मिति:
२०७५ जेष्ठ २५ गते

स्व. तुल्सी भक्त श्रेष्ठ

यस संस्थाका सञ्चालक समितिका सदस्य

तुल्सी भक्त श्रेष्ठको

असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत एवम् शोकाकूल भएका छौं । श्रेष्ठको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अध्यक्ष
तथा
मानवीय बचत तथा ऋण सहकारी संस्था लि., परिवार